हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १८७ पृष्ठ : ४ २०७७ माघ २५ गते आइतबार (Sunday 07 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost



मो. ९८०५९६१००६

जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।


# ट्रेड युनियन कांग्रेस सहित विभिन्न पेशागत संगठनद्वारा प्रतिगमन विरुद्ध लहानमा र्‍याली

**मणिलाल विश्वकर्मा**




**लहान ।** नेपाली कांग्रेस सम्बद्ध नेपाल ट्रेड युनियन कांग्रेसको नेतृत्वमा विभिन्न पेशागत शुभेच्छुक संस्थाहरूले शनिबार दिउँसो लहानमा प्रतिनिधि सभा विघटन विरूद्ध बृहत् विरोध प्रदर्शन गरेका छन् ।

लहानस्थित पशुपति आदर्श माविको प्राङ्गणमा भेला भएका विभिन्न पेशागत संघ संगठनका प्रतिनिधि, लहान क्षेत्रमा चल्ने करिब पाँच सय सिटी रिक्सासहितको र्‍यालीले 'सर्वसत्तावाद मुर्दावाद, मजदुरमारा सरकार मूर्दावाद, प्रतिनिधिसभा पुनःस्थापना गर, जनताको आन्दोलन जारी छ' लगायतका नारा लगाउँदै घण्टाघर, पुरानो नगरपालिका कार्यालय, गणेश चोक, दुई नम्बर सडक, अस्पताल चोक हुँदै सहिद रमेश महतो चोक नजिक कोणसभा गरेका थिए । कोणसभामार्फत् उनीहरूले ओली सरकारले मुलुक र जनतालाई समस्यामा पार्ने गरी गरेको संसद विघटन पुनःस्थापनाको मागमा जोड दिए । नेपाल ट्रेड युनियन कांग्रेस सिरहाका अध्यक्ष संजीव उपाध्यायको अध्यक्षतामा भएको उक्त कोणसभालाई नेपाली कांग्रेसका क्षेत्रीय सभापति अचमितलाल चौधरी, ट्रेड युनियनका पूर्व केन्द्रीय उपाध्यक्ष तथा कांग्रेस नेता अरूण केसी, नेपाल शिक्षक संघका केन्द्रीय उपाध्यक्ष गंगा प्रसाद यादव, नेपाल नाइ

बाँकी ३ पेजमा

# विरोध प्रदर्शनलाई अझै व्यापक बनाउन देउवाको अपिल



**कां**ग्रेस सभापति शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटनको असंवैधानिक र अलोकतान्त्रिक कदमविरूद्ध विरोध कार्यक्रमलाई अझै व्यापक बनाउन अपिल गरेका छन् । देउवाले शनिबार शुभेच्छुक संस्थाहरूले गरेको कार्यक्रम

बाँकी ३ पेजमा


सूचना ! सूचना !! सूचना !!!

MASSEY FERGUSON

मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा



रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट ।

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :-
- a) Led TV-24"
- b) Fridge - 170 Ltr.
- c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८



## श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.
लहान न.पा.-३, सिरहा

### कर्मचारी आवश्यकता

यस श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. केन्द्रीय कार्यालय लहान-३, सिरहालाई तपसिल बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा योग्य सक्षम दक्ष अनुभवी व्यक्तिहरुले नागरिकता प्रमाण-पत्रको फोटोकपी सहित आ-आफ्नो योग्यताको प्रमाण-पत्र, बायोडाटा, पासपोर्ट साईजको फोटो २ प्रति सहित लिखित निवेदन मिति २०७७।११।०५ गते भित्र संस्थाको कार्यालय लहान-३ मा दरखास्त फर्म भर्न आव्हान गरिएको छ ।

तपसील

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | कार्यालय सहायक (चौंथो तह) | १ | (क) १२ कक्षा उत्तीर्ण वाणिज्य संकायमा ।<br>(ख) कम्प्यूटर सम्बन्धी ३ महिनाको तालिम प्राप्त गरेको ।<br>(ग) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| २. | बजार प्रतिनिधि (तेस्रो तह) | केही | (क) SEE उत्तीर्ण भएको ।<br>(ख) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |

नोटः- स्थानीयलाई विशेष ग्राहयता दिनेछ ।
छनौट प्रकृया सम्पर्क मितिमा जानकारी गराईनेछ ।
सम्पर्क मिति : २०७७।११।०६ गते विहीबार ।

कर्मचारी भर्ना उप-समिति संयोजक

सम्पर्क नं. ९८४२८४०१३७, ९८०१५३२२२९, ९८०७७४३२८३








## बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कट्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०






## फ्रेन्डस मोडेल हस्पिटल, लहान-8
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# टिप्पणी

## अहंकारको हुँकार बन्द गर

देशको नीति र नियमको परिधि हो र यसैभित्र रहेर देशको शासन व्यवस्था सञ्चालन हुन्छ । लोकतान्त्रिक देशमा संविधान सर्वोच्च कानुन हुन्छ । संविधानभन्दा माथि कोही हुँदैन । नेपालमा २०४६ को जनआन्दोलनभन्दा पहिले राजा संविधानभन्दा माथि थिए । राजा पनि संविधानभित्र हुनुपर्ने माग राखेर जनआन्दोलन गरिएको थियो । त्यसपछि नेपालमा संवैधानिक राजतन्त्र स्थापित भएको थियो । संविधानको सर्वोच्चता कायम गर्न पटकपटक क्रांति गर्नु परेको इतिहास हाम्रो सामु छ ।

नेपालका प्रधानमन्त्री केपी ओलीको प्रतिनिधिसभा विघटन गर्ने सिफारिस राष्ट्रपतिले अनुमोदन गरेपछि त्यसको वैधानिकताको विषयले देश तरंगित भएको छ । सिफारिसलाई न्यायालयले पुनरावलोकन गर्न सक्छ या सक्दैन भन्ने प्रश्न पनि उत्पन्न भएको छ । यस्तै अर्को गंभीर प्रश्न हो - संसद्मा करिब दुईतिहाइ बहुमत भएको नेपाल कम्युनिस्ट पार्टी ( नेकपा) का प्रधानमंत्रीले किन संसद् विघटन गरे ? प्रतिनिधि सभा विघटन नगरेर पनि समस्याको समाधान त अवश्य हुनसक्थ्यो ।

प्रधानमन्त्री ओलीले आफ्नै पार्टीका नेताले काम गर्न नदिएको कारणले संसद् विघटन गर्नुपरेको भनेका छन् । उनले स्पष्टरूपमा भन्नसक्नु पर्छ उनको कार्यकालमा संसद्बाट पारित गर्न खोजेका कुन कुन विधेयकमा संसद्हरूले अवरोध गरे ? पार्टीको आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न नसक्नु उनको आफ्नो कमजोरी हो । आफ्नो कमजोरी लुकाउन संविधान र विधिमाथि प्रहार गर्नु उनको पो गल्ती हो । यसबाट नेपालको राजनीतिमा तरलतालाई निरन्तरता दिने काम भयो ।

राष्ट्रपति विद्यादेवी भण्डारी व्यक्ति नभएर संस्था हुन् । उनले गर्ने निर्णय भावनात्मकरूपले प्रभावित नभई विधि र संविधानमा आधारित हुनुपर्छ । नेपालको संविधानमा प्रधानमंत्रीले व्यक्तिगत अनुकूलता वा प्रतिकूलताको निम्ति तजबिजमा संसद विघटन गर्ने प्रवधान छैन । संविधानमै नभएको कामको सिफारिस पनि राष्ट्रपतिद्वारा अनुमोदन गरियो । यसले राष्ट्रपति संस्था, संविधानको भावना तथा संसदीय पद्धति सबैको अवमूल्यन गरायो । राष्ट्रपति न्यायपालिकाको पनि संरक्षक हो । राष्ट्रपतिले न्यायालयले दिएको दण्डसजाय माफी मिनाहा गर्नसक्ने प्रावधान संविधानमा छ । नेपालको संविधानको भाग ६, अनुच्छेद ६१, धारा ४ मा स्पष्टरूपमा भनिएको छ - राष्ट्रपति संविधानको संरक्षक हुन्छ । प्रधानमंत्रीले संविधानको प्रवधानमा नै नभएको सिफारिस गर्दा विनान्यायिक रायसुझाव संविधानका संरक्षक स्वयंले अनुमोदन गर्दा कतै न्यायालयले पनि संविधानको भावनाअनुरूप निर्णय नगर्ने पो हो कि भन्ने अनिश्चितता देखिएको छ ।

नेपालको संविधानले प्रधानमन्त्रीभन्दा प्रतिनिधि सभालाई शक्तिशाली बनाएको छ । तर, प्रधानमन्त्री ओलीले प्रतिनिधि सभाभन्दा आफूलाई शक्तिशाली सम्झे । यही कारणले अहिलेको गंभीर परस्थिति उत्पन्न भएको हो । प्रतिनिधि सभाबाट निर्णय गराउनुपर्ने विषयहरु अध्यादेशमार्फत् एकल निर्णय गरे । फलस्वरूप, प्रतिनिधि सभा निरीह भयो । यो संविधान विपरीत हो । लोकतांत्रिक देशका लागि संविधान आधारभूत संरचना हो । संविधानभन्दा बाहिर गएर देशलाई कसैले रामराज्य नै बनाउन खोजे पनि स्वीकार्य हुँदैन ।

देशको शासन प्रणाली अहिले अस्तव्यस्तमात्र हैन ध्वस्त नै भएको देखिएको छ तर प्रधानमन्त्री केपी शर्मा भने अहंकारको हुँकार गर्दैछन् । देश राजनीतिक अस्थिरता र अराजकतार्फ बढेको छ । राज्यका निकायहरु अधिनायकवादी शैलीमा कब्जा गर्ने प्रधानमन्त्री ओलीको प्रपञ्चमा प्रधान न्यायाधीशले समेत साथ दिएको गुनासो जनमानसमा व्याप्त छ ।

बाँकी ३ पेजमा

# नागरिक निराशाको उत्पादन

**रवीन्द्र भट्टराई**



जनताका प्रतिनिधिले बनाएको संविधानप्रति नागरिक तहबाट एक हदसम्म विश्वास प्रकट भएको थियो । भलै सुरूमा नेपालको मैदानी भूभागको एउटा अंश ढुस्स थियो । तर, समयक्रमसँगै त्यो असन्तुष्टि पनि मत्थर भइसकेको देखिन्थ्यो ।

दुई वर्षजति अब के होला अब कसो होलामा नै बित्यो ।२०७४ सालमा संविधानअनुसार तीन तहका व्यवस्थापिका र सरकारका लागि भएका निर्वाचन उत्साह र रौनकका साथ बिते ।

स्थानीय तहमा जनप्रतिनिधिविहीनताको लामो सन्नाटाको अन्त्य मात्र भएन, प्रदेश तहको आगमनले साँच्चै होनाहार नै होला भन्ने मनोभाव नागरिकमा सञ्चार गरेको थियो । तत्कालीन माओवादी र एमालेको एकीकरणले द्वन्द्वकालमा पीडा बेहोरेकालाई न्याय मर्ला भन्ने भय रहे पनि बाँकीमा एकीकृत दलले मुलुकलाई राम्रै फड्को मराउला भन्ने आशा पनि जागेकै थियो ।

प्रधानमन्त्री केपी ओलीका कतिपय अभिव्यक्ति हास्यप्रधान हुँदाहुँदै पनि केही त हुन्छ कि भन्ने आशा जगाउने खालका थिए। तथापि, धेरैलाई लागेकै हो रेल चल्ने कुरा असम्भव होइन। समुद्रमा नेपालको आफ्नै पानीजहाज चलाउने कुरा पनि असम्भव होइन। चीन हुँदै तेस्रो मुलुकमा पुग्ने कुरा पनि असम्भव होइन। धेरैको त्यो आशा र विश्वासमा ओली सरकारले दुई वर्ष शासन गर्दा नगर्दै धमिरा लाग्न थाले पनि लिम्पियाधुरासम्मको भूभाग समेट्दो नेपालको नक्सालाई निसानाछापमा समेट्दासम्म नेपाली उत्साह उच्चतम थियो र त्यही उत्साहले सात महिना लामो बन्दाबन्दीको कष्टलाई पनि नेपालीले ह्याकुलाले मिचेरै पार लगाए ।

**धमिलिएको परिवेश**

गुठी विधेयक, दल त्यागसम्बन्धी कानुनको संशोधन प्रस्ताव, एमसीसीको अनुमोदन प्रस्ताव, संवैधानिक पदाधिकारी नियुक्तिसम्बन्धी कानुनी प्रावधानको संशोधन प्रस्तावजस्ता केही राजनीतिक र कूटनीतिक विषयमा सत्ताधारी दलभित्र खिचलो रहेको तथ्य क्रमैले प्रकट हुँदै गएका थिए ।

पार्टी एकीकरण प्रक्रियाभित्रको खिचलो भुसको आगोजस्तो छँदै थियो । बन्दाबन्दी, ओम्नी प्रकरणजस्ता विषयले आगोमा घिउ थप्दै लगे । पार्टी पद्धति यति शिथिल बन्यो कि प्रधानमन्त्री ओली प्रतिनिधिसभा विघटन गर्ने दुस्साहसमा पुगे। उनी आफूले नेतृत्व गरेको दलले दुईतिहाइ ल्याउने र पार्टीकै अर्को भँगालोले १० सिट नजित्ने उत्ताउलो अभिव्यक्तिसाथ आफ्ना पछुवा र समर्थकलाई उराल्न सक्रिय भए ।

यता अर्को भँगालाका दाहाल, खनाल र नेपालको बोली पनि हदै तल्लो दर्जाको र छिचरो हुँदै गयो । नेपाली राजनीतिको पृष्ठभूमिमा केपी ओलीलाई उनीहरूले यसरी प्रस्तुत गर्न चाहे- मानौं, उनी यी तीन नेताको विगतको भूमिकाकै बैसाखी टेकेर मात्र राजनीतिक अस्तित्वमा आएका हुन् ।

सुरक्षाको ध्यान अहिले राजनीतिक दलहरूका विरोध प्रदर्शन र जनप्रदर्शनको व्यवस्थापनमा अल्झिएको छ। अस्थिरता र अन्योल वृद्धिसँगै आपराधिक क्रियाकलापमा लाग्नेहरु क्रमशः परिस्थिति अनुकूल मानेर अगाडि बढेका छन् । सरकार बडो रफ्तारका साथ आफ्ना मानिसलाई औसर दिलाउन निर्लिप्त छ । असुरक्षा, अस्थिरता, मूल्यवृद्धि र अन्यअन्य अन्योलले परिवेश धमिलिनु धमिलिएको छ ।

**वर्तमान राजनीति : निराशाको व्यापार**

अहिलेको राजनीतिमा प्रतिस्पर्धाको विषय के र मुद्दा के ? राजनीतिशास्त्रका विज्ञहरूलाई यो प्रश्न पर्गेलेर उत्तर दिन नेताहरूले ठाउँ नै दिएका छैनन् । अबको पच्चीस वर्षपछि नेपालको अर्थराजनीति र विकासको स्थिति के बनाउने ? विश्वराजनीतिक रंगमञ्चको एक सदस्यका नाताले वैश्विक राजनीतिमा नेपालले कस्तो भूमिका खेल्ने ? छिमेकी मुलुकसँगको सम्बन्धलाई कसरी नेपालमैत्री बनाउने ? नेपालको प्राकृतिक तथा मानवस्रोतलाई कसरी दिगो विकासको लक्ष्य हासिल गर्नमा अत्यधिक उपयोग गर्ने ? नेपालको मौलिकतालाई कसरी सुदृढ गर्ने ? नेपाली मात्रलाई आफ्नै भूमिमा आर्थिक र सामाजिक न्याय कसरी सुनिश्चित बनाउने ?

यी प्रश्नको उत्तर दिने योजना, तौरतरिका र मार्गचित्र के हुने भन्ने विषय समकालीन नेपाली राजनीतिक शक्तिबाट स्पष्ट प्रक्षेपित हुनुपर्ने विषय हुन् । तर, अहिलेको राजनीतिक खिचलोमा यी प्रश्न कुनै कोण वा पक्षबाट चर्चै भएका छैनन् ।

नेकपाकै मझधारमा रहेको भान दिँदै प्रदीप नेपालले वर्तमान खिचातानीलाई वैचारिक रङको बनाउन केही कोसिस गरे र जनताको बहुदलीय जनवाद वा एक्काइसौं शताब्दीको समाजवादको दुई राजनीतिक धारमा नेकपा विभक्त होस् भन्ने कामना गरिरहे तर उनलाई दुवै धारले वास्ता गरेको देखिएन ।

उल्टै दुवै धारले नेकपा एकीकरणपूर्वका नेतृत्व विशेषका कर्तुत र नग्न नृत्यलाई नौटंकी र नाटकका रूपमा छ्यालब्याल पारे र पारिराखेकै छन् ।

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । पुनर्मिलनको योग रहेको छ । बन्धु-बान्धवबाट सहयोग मिल्नेछ । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**वृष** :- दाजुभाइ, दिदीबहिनीले तपाईंका सकारात्मक विचारलाई समर्थन गर्नेछन् । पुनर्मिलनको योग रहेको छ । बिनाप्रतिस्पर्धा फाइदापनि हुन सक्छ ।

**मिथुन**:- आज शुभकार्यको चर्चा चल्नेछ । परोपकारमा रूचि बबढ्नेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**कर्कट** :- बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला । बौद्धिक विकास होला । धार्मिक यात्राको योगपनि छ ।

**सिंह**:- सरकारी निकाएको भय रहला । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ ।

**कन्या** :- एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

**तुला** :- आज शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । आकस्मिक धन लाभ हुनसक्छ । विश्वास गरेकाले साथ दिनेछन् ।

**वृश्चिक** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउला । कूटनीतिक नियोगको सहयोग मिल्ला । कार्यमा सफलता पाईनेछ । प्रेमीको सहयोग पाईनेछ ।

**धनु** :- आज मन खिन्न हुने स्थिति आउनेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला । दबाब र तनाव र मानसिक चिन्ता बढेको महसुस हुनेछ ।

**मकर**:- समाजसेवामा मन लाग्नेछ । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । शत्रु पराजित हुनेछन् । शैक्षिक क्षेत्रमा सफलता मिल्ला ।

**कुम्भ**:- आज जोश जाँगर र हिम्मत वढ्नेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । सन्तान सुख मिल्नेछ । इच्छा र आकांक्षा पूर्ण हुनेछ ।

**मिन** :- रमाइलो यात्राको योग रहेको छ । मानसम्मान र प्रशंसा प्राप्त हुने सम्भावना छ । नयाँ कार्यको योजना बन्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

# औरहीका प्रमुख प्रशासकीय अधिकृत यादवले आफैंबाट सुरुवात गरे खोप अभियान

धर्मेन्द्र पासवान



**सिरहा ।** सिरहाको औरही गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलदेव यादवले कोरोना विरूद्धको खोप आफैबाट लगाएर सुरूवात गरेकाा छन् ।

भारत सरकारले नेपाललाई कोरोना विरूद्धको खोप कोभिशिल्ड अनुदानमा १० लाख डोज उपलब्ध गराएको थियो । अहिले देशभर खोप अभियान जारी छ । सोही क्रममा प्राथमिक स्वास्थ्य केन्द औरहीमा एक समारोहबीच अधिकृत यादवले खोप लगाएका हुन ।

पहिलो चरणमा लक्षित समूह अन्तर्गत कोरोना महामारी नियन्त्रणमा अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइ कर्मचारी, शववाहन चालक, एम्बुलेन्स चालक लगायतलाई खोप दिन थालिएको छ । खोप लगाउँदा कुनै साइड इफेक्ट नगर्ने सन्देश दिन पहिले आफैंबाट खोप अभियान सुरूवात गरिएको अधिकृत यादवले जानकारी दिए ।

सिरहा अस्पताल र लहान अस्पतालपछि बाहिर खोप लगाउन सुरू गरेको यो नै पहिलो पटक हो । स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले खोप लगाउन सुरू गर्नुभन्दा अगाडि खोप लगाउने कर्मचारीलाई खोपको बारेमा प्रशिक्षण दिएको जानकारी दिए । साथै खोप पुर्ण सुरक्षित रहेको पनि उनले दाबी गरे ।

गाउँपालिकामा कार्यरत सुरक्षाकर्मीलाई सिरहा गएर खोप लगाउँदा धेरै समय खर्चिनु पर्ने बाध्यताको अन्त्य सगै आर्थिक बचत हुने गाउँपालिकाको स्वास्थ्य संयोजक उपेन्द्र कुमार यादवले जानकारी गराए । सुरक्षाको दृष्टीकोणले पनि सिमामा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई नजिकैमा खोप उपलब्ध गराएकोमा सीमा सुरक्षा वल ईटाटारका सशस्त्र प्रहरी निरीक्षक निर्मल वुढाथोकी र सीमा सुरक्षा बल बरियारपट्टीका सशस्त्र प्रहरी निरीक्षक रूद्र वुढाथोकीले कोरोना भाइरस विरूद्ध खोप लगाएर खुसी हुँदै स्वास्थ्य कार्यालय र गाउँपालिकालाई धन्यवाद समेत व्यक्त गरे । खोप उदघाटन कार्यक्रममा औरही गाउँपालिका–४ का वडाध्यक्ष उपेन्द्र यादव र ५ का वडाध्यक्ष दिलिप कुमार यादव, प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. नवीन महतो, कोभिड–१९ अस्थायी अस्पतालका प्रमुख डा. सरोज कुमार साह, गाउँपालिकाको स्वास्थ्य सह–संयोजक जर्वन कुमार यादव र गाउँपालिकाको प्रशासन प्रमुख सन्तोष कुमार यादवको उपस्थिति रहेको थियो ।

## ट्रेड ...

संघका केन्द्रीय उपाध्यक्ष महेन्द्र ठाकुर, स्थानीय तह कर्मचारी युनियन नेपाल सिरहाका अध्यक्ष राम उदगार यादवले सम्बोधन गरेका थिए । त्यसैगरी कोण सभामा लोकतान्त्रिक गैरसरकारी महासंघ सिरहाका अध्यक्ष रामकिशोर यादव, ट्रेड युनियन सिरहा सचिब रमेश गौतम, ई–रिक्सा इकाई ठाडीका अध्यक्ष राम टहल साह, शिक्षक संघ सिरहा उपाध्यक्ष जसकरण दास, सचिब राजकिशोर यादव, शिक्षक संघ लहान नगर अध्यक्ष अरविन्द दास, शिक्षक नेता तथा प्रधानाध्यापक नारायण साह, नेपाल ई–रिक्सा तथा अटो चालक संघ लहान नगर सचिब हरि साह लगायतका वक्ताहरूले ओलीको प्रतिगमन तथा संसद विघटन विरूद्ध, पेशाकर्मी तथा मजदुर हकहितका विषयमा आ–आफ्ना धारणा व्यक्त गरेका थिए ।

## विरोध ...

सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद र आभार प्रकट गर्दै ३ फागुनको कार्यक्रमलाई अझ व्यापक र प्रभावकारी बनाउन अपिल गरेका हुन् ।

'पूर्वघोषणाअनुरूप फागुन ३ गते जिल्ला कार्यसमितिद्वारा गरिने विरोध प्रदर्शनलाई अझ व्यापक र प्रभावकारी बनाउन सबैमा अपिल गर्दछु,' देउवाले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

कांग्रेसले आगामी ३ फागुनमा ७७ वटै जिल्ला कार्यसमितिको आयोजनामा विरोध ऱ्याली र सभा गर्ने कार्यक्रमको घोषणा गरेको छ । उनले कांग्रेसले गरेका विरोध कार्यक्रममार्फत केपी शर्मा ओली नेतृत्वको नेकपा सरकारले गरेको प्रतिनिधिसभा विघटनको असंवैधानिक र अलोकतान्त्रिक, सर्वसत्तावादउन्मुख कदम एवं मुलुकमा व्याप्त भ्रष्टाचार, कोभिड–१९ नियन्त्रण र व्यवस्थापनमा सरकारको असफलता र कुशासनको विरूद्ध जनभावना अभिव्यक्त गरेको बताएका छन् ।

## अहंकारको...

संसदीय सुनुवाइ नै नभएका व्यक्तिहरूलाई शपथ गराउन प्रधान न्यायाधीशबाट देखाइएको हतारलाई जनसाधारणले सहजरूपमा लिन सकेका छैनन् । साथै, संवैधानिक निकायमा नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक परिषद्का पदेन सदस्यसमेत रहेका प्रतिनिधि सभाका सभामुख आफैँ संविधानविपरीत गरिएको नियुक्ति बदर गराउन सर्वोच्च अदालतको शरणमा पुगेका छन् । अर्थात्, लोकतन्त्रमात्र होइन समग्र राज्य व्यवस्था नै संकटमा परेको छ । संविधान सभाले बनाएको नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान सत्तारूढ दलका नेताको सर्वसत्तावादी मानसिकताका कारण संकटमा परेको हो । विडम्बना, तैपनि उनीहरूकै अहंकारको हुँकार चर्को छ । कम्युनिस्ट नेताहरूको 'कालीदास' प्रवृत्तिका कारण संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता विरोधीहरूले टाउको उठाउन थालेका छन् । संविधानका आत्मामै प्रहार गर्नसके लोकतन्त्रमाथि आक्रमण गर्न सजिलो हुने उनीहरूको रणनीति हुनसक्ने देखिन्छ । देश यस्तो संकटमा पर्दा पनि सत्तारूढ दलका गैरजिम्मेवार नेताहरु अहंकारको हुँकार गरिरहेका छन् । अहिले नेपालको संविधान, २०७२ लाई जोगाएर नेपाली जनताको सम्मान गर्नु सबैको कर्तव्य हो । यसैले अलिकति पनि नेपाल र नेपाली जनताप्रति उत्तरदायित्वबोध भए अहंकारको हुँकार बन्द गर र संविधानप्रतिको निष्ठाको शपथ सम्झ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# एलसीसी टी-ट्वान्टीको सिरहाका मेयर यादवले गरे उद्घाटन

सिरहा । सिरहा नगरपालिकाका मेयर अशेश्वर प्रसाद यादवले लगडी गदियानीमा एलसीसी टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको उद्घाटन गरेको छ ।

नगरपाकिाल क्षेत्रभरी क्रिकेट, फुटबल र भलिवलको खेल आयोजना र खेलाडी उत्पादन गर्ने उद्घोष गर्दै मेयर यादवले प्रतियोगिताको सफलताको शुभकामना दिएका छन् । उक्त अवसरमा सिरहा नगरपालिका वडा नम्बर ११ का अध्यक्ष विनोद कामती, १० का अध्यक्ष जुगल किशोर कामती, वडा २० का अध्यक्ष रामचन्द्र यादव, जसपा युवा नेता विरेन्द्र यादव, अभियानी जितेश कर्ण लगायत सहभागि भएका थिए । उद्घाटन



खेलमा लहान ७ विकेटले विजयी नेपाल र भारतका ८ टिमको सहभागिता रहेको प्रतियोगिताको उद्घाटन खेलमा महेशवारी क्रिकेट कल्व लहानले ७ विकेटले विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको भारतको बाबुवडही क्रिकेट कल्व निर्धारित २० ओभरमा सवै विकेटको क्षतिमा १७३ रन बनाएका थिए । जवाफी ब्याटिङ गरेको लहानले १६.४ ओभरमा ३ विकेटको क्षतिमा १७६ रन बनाएर विजयी भएको छ । लहानका लागि कृष्णाले सर्वाधाकि ७४ रन बनाएको थियो । खेलको प्लेयर अफ दि म्याच कृष्णा घोषित भएको आयोजकका सस्दय राजिप झाले बताए ।

# काठमाडौंमा पानी पर्‍यो, चन्द्रागिरीमा हिउँ





काठमाडौंमा शनिबार दिउँसो सामान्य वर्षा भएको छ । काठमाडौंसँगै चन्द्रागिरी लगायतका वरपरका केही डाँडामा सामान्य हिमपात पनि भएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार देशका विभिन्न ठाउँमा हल्का वर्षा र हिमपात हुँदैछ । पश्चिम नेपालका केही भूभागमा हल्का वर्षा भएको हो भने उच्च पहाडी क्षेत्रमा हल्का र हिमाली क्षेत्रमा भारी हिमपात भएको छ ।

राति पनि प्रदेश १, २, बागमती र गण्डकी प्रदेशका केही स्थानहरुमा हल्का वर्षा हुनेछ भने प्रदेश १, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी र हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ । राजधानीमा वर्षा हुन भएसँगै चन्द्रागिरीमा हिउँ परेको हो । केबलकार चढेर चन्द्रागिरी पुगेकाहरू हिउँ खेलेर रमाइलो गरिरहेका छन् ।

हिउँ परेसँगै चन्द्रागिरी केबलकार चढ्न जानेहरूको भीड बढ्न थालेको छ । वर्षासँगै काठमाडौंमा चिसो बढेको छ । चन्द्रागिरीमा परेको हिउँले स्थानीय क्षेत्र मनमोहक देखिएको छ ।

# नागरिक...

न त निर्वाचनमा गएर दुई तिहाइ बहुमत ल्याउने हवाला दिने ओली पक्षसँग त्यसपछि देश सप्रने विकासको खाका छ न त प्रतिनिधिसभा पुनःस्थापना हुनासाथ राष्ट्रिय सहमतिमा आधारित भएर संसद्बाट नेपालको दिगो विकास परिदृश्यको प्रक्षेपण गर्ने र रणनीतिक मार्गचित्र पस्कने सरकारइतर राजनीतिक शक्तिहरूकै कुनै उद्घोष आएको छ । हामी बिलकुलै निराशाको व्यापारको राजनीतिबाट गुम्फित पारिएका छौं ।

**अन्त्यमा,**

ताजा जनादेशका लागि जनतामा जाने कुरालाई लोकतन्त्रको मूल मन्त्रै हो भन्ने दाबी चुनाव घोषणा गर्नेको छ । विधायिका र सरकारसमेतको जननी जनप्रतिनिधिमूलक निकायलाई बीचैमा मृत्युमा धकेल्न मिल्दैन उसैलाई अर्को सरकार जन्माउन दिनुपर्छ भन्ने प्रतिनिधिसभा बिउँताएर अगाडि बढ्ने पक्षको छ ।

सर्वोच्च अदालतका सामुन्नेमा चुनाव घोषणालाई संवैधानिक कि असंवैधानिक ठहर गर्ने दुई विकल्पबाहेक बीचबाट कुनै नयाँ उपाय प्रस्ताव गर्ने अवसर भएजस्तो देखिँदैन। अदालतबाट जस्तो निचोड आए पनि प्रतिनिधिसभाले सामूहिक बुद्धिमताको उच्चतम प्रयोग गर्ने सम्भावनाचाहिँ अब दुवै अवस्थामा एकदम कम देखिन्छ ।

चुनाव नै हुने भएमा पनि अहिलेको जतिको दलीय सबलतासहितको प्रतिनिधिसभा बन्नेमा नागरिक तहमा गम्भीर सन्देह छ । नागरिकका लागि राजनीतिको वर्तमान निराशाको व्यापार 'काँचो आन्द्रो निल्नु न ओकल्नु' भने जस्तै छ ।*साभार : नेपाल समयबाट*


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**








लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)